अनुसूची ५
(दफा ५ सँग सम्बन्धित)
सूचना पत्र (संक्षिप्त विवरण)

# स्वामीकर्तिक खापर गाउँपालिका

## गाउँ सभाको सचिवालय

## सुईजीउला, वाई, बाजुरा

## गाउँ सभाको १७ औ अधिवेशन

**बैठक प्रारम्भ: बिहान ११ बजे**

**बैठक समापन: दिउँसा ४ बजे**

मिति २०८२।१२।११

सूचना पत्र ..

बैठकको कारबाहीको संक्षिप्त विवरण

१. गाउँ सभाको आजको बैठको कारबाही सभाध्यक्ष श्री भरत बहादुर रोकायाको अध्यक्षतामा मिति २०८२।१२।११ गते बिहान ११ बजे राष्ट्रिय धुन सहित आगमन भएर सभा प्रारम्भ भयो।

२. त्यसपछि सभा अध्यक्षले कार्यसूचिमा रहेको १ कार्यसूचिमा रहेको कार्यपालिका बाट स्विकृतिका लागि पेश भएका विधियक गाउँ शिक्षा विधेयक २०८२ र आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८२ गाउँसभामा छलफल र स्विकृतिका लागि पेश गर्न विधायन समितिका संयोजक तथा सभाका सदस्य श्री अजय वि क ज्युलाई प्रस्तुत गर्न अनुमति दिनु भयो र निज सभा सदस्य ज्युले सभामा पेश गर्नु भयो। त्यस पछि पेश भएको शिक्षा विधेयक मा रहेको दफा २० को उपदभा १ को खण्ड 'क' मा रहेको (घ) भन्ने शब्द झिकनु पर्छ भनि सभाका सदस्य श्री बिष्णु बहादुर बुढा ज्युले आफ्नो राय पेश गरे पछी सभाका बहुमत सदस्य ज्युबाट उक्त रायलाई समर्थन गर्नु भयो।

३. त्यसपछि पेश भएको शिक्षा विधेयक २०८२ को दफा २० को उपदफा १ को खण्ड 'क' मा रहेको (घ) भन्ने शब्द झिकि सभामा पेश भएको शिक्षा विधेयक पासका लागि सभामा पेश गर्नु भयो। सभाका सम्पूर्ण सदस्य ज्यूहरु पक्षमा रहि हुन्छ भनि सर्बसम्मतरुपमा पेश भएको शिक्षा विधेक पास गर्नु भयो।

४ विधायन समितिका सभापति सभा सदस्य श्री अजय वि क ज्युले पेश गर्नु भएको आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८२ माथि छलफल गरियोस भनि सभामा पेश गर्नु भयो। यस विधेयकको वारेमा सबै सभा सदस्य ज्यु पक्षमा रहि हुन्छ भनि सर्बसम्मतबाट तालिबजाई पास गरियो।

५ सभा अध्यक्ष ज्यूले कार्यसूचि २ मा रहेको गाउँपालिकाको प्रशासनीक भवनको जग्गा प्राप्तिको बाँकी रकम भुक्तानी सम्बन्धी छलफल र कार्यलय प्रमुखलाई निर्धारित शिर्षकबाट सम्बन्धित जग्गाधनीको खातामा रकम भुक्तानीका लागि निर्देन निर्णय पास पास गरियोस भनि सभामा पेश गर्नु भयो। सो निर्णयमा सभाका सम्पूर्ण सदस्य ज्यूहरु पक्षमा रहि तालि बजाएर उक्त निर्णय सर्बसम्मतरुपमा पास गर्नु भयो।

६ सभा अध्यक्षले कार्यसूचि ३ मा रहेको कार्यसूचि स्वामीकार्तिक खापर गाउँपलकाको विनियोजन ऐन २०८२।८३ संशोधिन गरी अति आवश्यक शिर्षकमा रकम थप र केहि कार्यक्रममा रकम कटौति स्बन्धी छलफल गरि संशोधित ऐन स्विकृतीका लागि सभामा पेश गर्नु भयो। उक्त पेश गरेको विवरण सम्पूर्ण सदस्य ज्यूहरु पक्षमा रही हुन्छ भनि तालि बजाई सभाबाट पास गर्नु भयो।

७ सभा अध्यक्ष ज्यूले कार्य सूचि ४ मारहेको कार्यसूचि आ व २०८२।८३ को गाउँ कार्यपालिकाले गाउँसभामा मा अनुमोदनका लागि पेश भएका निर्णयहरु अनुमोदन सम्बन्धी छलफल र स्विकृतिका लागि पेश गर्नु भयो। सो विषयमा पनि सम्पूर्ण सभा सदस्य ज्यूहरु पक्षमा रही तालि बजाएर पास गर्नु भयो।

८ सभा अध्यक्ष ज्यूले कार्यसूचि ५ मा रहेको गाउँ कार्यपालिकाबाट पेश भएको O&M स्विकृति र करार कर्मचारीको निर्यणका लागि सभामा पेश गर्नु भयो। उक्त पेश गरेको प्रस्ताव सम्पूर्ण सभाका सदस्य ज्यूहरु पक्षमा सहि सभाबाट पास भयो।

नि.प्रमुख प्रशासकीय अधिकृत

९ सभा अध्यक्ष ज्यूले कार्यसूचि ६ मा रहेको कार्यापालिका बाट स्विकृतिका लागि सिफारिस भई आएका विभिन्न कार्यबिधि मापदण्डहरु स्विकृत तथा छलफल हुन भनि सभामा पेश गर्नु भयो। सबै सभा सदस्य ज्यूहरु पक्षमा रहि सर्ब सम्मतरुपमा पास गर्नु भयो।

१० सभा अध्यक्ष ज्यूले कार्यसूचि ७ मा रहेको स्वामीकार्तिक खापर गाउँपालिकाको कार्यालयबाट आ व २०८२।०८३ को हाल सम्मको खर्च अनुमोदनका लागि सभामा पेश गर्नु भयो। सबै सभा सदस्य ज्यूहरु पक्षमा रहि हुन्छ भनेर सर्ब सम्मत रुपमा पास गरि अनुमोदन गर्नु भयो।

११ सभामा शुभकामना मन्तव्यका लागि बोल्न चहानु हुने सभाका सदस्य ज्यूहरुलाई नाम टिपाउनु भयो। गाउँ सभा सदस्य श्री लक्ष्मण महतारा ज्यूले गाउँपालिकाले श्री चाखुरेथला आ वि संग सम्झौता गरी पालिकाको स्याउ फर्म सञ्चालन गरेको तर पालिकाले सो सम्झौता भए बमोजिम पालिकाले हाल सम्म कार्यान्वयन नभएको भनि आफ्नो भनाई अन्तय गर्नु भयो। त्यस पछी असाडे कार्की रुडीको रोडको स्तर उन्नती हुन सकेन अभिलम्ब स्तर उन्नती होस भनि आफ्नो भनाई अन्त्य गर्नु भयो। त्यस पछि सुरसी वि क ले नारी दिवस र सोह दिने महिलाहिंशा अभियानमा पालिकाले रकम कम विनियोजन गरेको भनि भनाई राख्दै आफ्नो भनाई अन्त गर्नु भयो। त्यसपछि सभा सदस्य श्री अजय विक ज्यूले लेखा समिति नवनेकोले यो हामीले पास गरेको वित्तिय उत्तरदायित्व ऐन पास भएको छ बैधानिक हुन्छ वा हुदैन भनि आफ्नो आफ्नो भनाई राख्नु भयो। त्यस पछि सभा सदस्य तथा गाउँपालिका उपाध्यक्ष ज्यूले हामी सम्पूर्ण पदाधिकारीहरु निर्धारित समय र कानुन अनुसार अधि बढौँ भनि आफ्नो भनाई राख्नु भयो।

१२ सभा अध्यक्ष ज्यूले सभाका सदस्य ज्यूको भनाई लाई कार्यपालिकाको बैठकमा छलफलको विषय बनाउछु भन्दै सभाका सदस्य ज्यूहरुलाई संघीय संसद र प्रदेश संसदको अधिबेशन टिभिमा लाइ हुन्छ उक्त लाइभ लाई हेर्नु होला। हाम्रो सभा पनि सोही अनुसार चल्नु पर्ने कानुनले परिकल्पना गरेको छ भनि आफ्नो भनाई राख्दै आजको सभामा पेश भएका सम्पूर्ण प्रस्तावहरु सर्बसम्मतिले पास गर्नु भएकोमा हार्तिक धन्यवाद दिदै दिउँसो ४ बजे सभा अन्त्ये तथा समापन भएको जानकारी गराउनु भयो।

नि.प्रमुख प्रशासकीय अधिकृत